"For Nepali, By Nepali "
गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतार
Non-Resident Nepali Association, National Coordination Council, Qatar
Estd: 2003

# गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतार
## श्रमिक कल्याणकारी कोष, सञ्चालन नियमावली- २०१८

**प्रस्तावना**

गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कतारको विधानको दफा ६ मा उल्लेखित उद्देश्यहरु मध्ये श्रमिकको समस्याहरु संवन्धि कार्य सम्पादन गर्न गैरआवासीय नेपाली संघ अर्न्तराष्ट्रिय समन्वय परिषदको दफा २६.४.३ को अधिनमा रही गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद कतारको विधानको दफा १८.२ ले प्रदान गरेको अधिकार प्रयोग गरी श्रमिक कल्याणकारी कोष सञ्चालन नियमावली -२०१८ तयार पारी जारी गरिएको छ ।

### परिच्छेद -१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

क) यस नियमावलीको नाम श्रमिक कल्याणकारी कोष, नियमावली - २०१८, गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतार हुनेछ। संक्षिप्तमा श्रमिक कल्याणकारी कोष, एनआरएनए, एन. सी. सी. कतार हुनेछ ।

ख) यस नियमावली कार्यसमितिको पूर्ण बैठकले पारित गरे पछि तुरुन्त लागु हुनेछन् ।

**२. छाप, झण्डा र कोषको स्थापना :-**

क) यस कोषको छाप र झण्डा गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको छाप र झण्डा नै प्रयोग गरिनेछ ।

ख) यस कोषको स्थापना सन् २०१८ हुनेछ ।

### परिच्छेद- २

**३. परिभाषा**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यी नियमहरूमा–

क) "गैरआवासीय नेपाली" भन्नाले गैरआवासीय नेपाली संघ, अन्तर्राष्ट्रिय समन्वय परिषदलाई बुझाउने छ ।

ख) "संघ" भन्नाले गैरआवासीय नेपाली संघ, अन्तर्राष्ट्रिय समन्वय परिषदलाई बुझाउने छ ।

ग) "राष्ट्रिय समन्वय परिषद्" भन्नाले गैरआवसीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतार भन्ने सम्झनु पर्दछ ।

घ) "एनआरएनए, एन. सी. सी. कतार" भन्नाले गैरआवसीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् कतार भन्ने सम्झनु पर्दछ

ङ) "विधान" भन्नाले गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारको विधान भन्ने सम्झनु पर्दछ ।

च) "केन्द्रिय विधान" भन्नाले गैरआवासीय नेपाली संघ, अन्तर्राष्ट्रिय समन्वय परिषदको विधान भन्ने सम्झनु पर्दछ ।

छ) "वार्षिक भेला" भन्नाले राष्ट्रिय समन्वय परिषद कतारको वार्षिक भेलालाई बुझाउने छ ।

ज) "अध्यक्ष" भन्नाले राष्ट्रिय समन्वय परिषद कतारको अध्यक्षलाई बुझाउने छ ।

झ) "उपाध्यक्ष" भन्नाले राष्ट्रिय समन्वय परिषद कतारको उपाध्यक्षलाई बुझाउने छ ।

ञ) "महासचिव" भन्नाले राष्ट्रिय समन्वय परिषद कतारको महासचिवलाई बुझाउने छ ।

Website: www.nrnaqatar.org
Email: nrnancc.qatar2003@gmail.com, budbal.grg@gmail.com, nabinpokhrel2010@yahoo.com

ट) "सचिव" भन्नाले राष्ट्रिय समन्वय परिषद कतारको सचिवलाई बुझाउने छ ।

ठ) "कोषाध्यक्ष" भन्नाले राष्ट्रिय समन्वय परिषद कतारको कोषाध्यक्षलाई बुझाउने छ ।

ड) "सह-कोषाध्यक्ष" भन्नाले राष्ट्रिय समन्वय परिषद कतारको सह-कोषाध्यक्षलाई बुझाउने छ ।

ढ) "सदस्य" भन्नाले राष्ट्रिय समन्वय परिषद कतारको कार्य कारिणी समितिको सदस्यलाई बुझाउने छ ।

ण) "सल्लाहकार" भन्नाले राष्ट्रिय समन्वय परिषद कतारले चयन गरेका सल्लाहकारलाई बुझाउने छ ।

त) "सञ्चालक" भन्नाले श्रमिक कल्याणकारी कोषको सञ्चालकलाई बुझाउने छ ।

थ) "सञ्चालक समिति सदस्य" भन्नाले श्रमिक कल्याणकारी कोषको सञ्चालक समिति सदस्यलाई बुझाउने छ ।

द) "पञ्जिकृत सदस्य" भन्नाले गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारले तोके बमोजिमको सदस्यता शुल्क बुझाई रित पुर्वक सदस्यता प्रदान गरेको सदस्यलाई बुझाउनेछ ।

ध) "कार्यसमिति" भन्नाले विधानमा व्यवस्था भए बमोजिम गठन भएको राष्ट्रिय समन्वय परिषद् कतारको कार्य समितिलाई सम्झनु पर्दछ ।

न) "कोष" भन्नाले श्रमिक कल्याण्कारी कोष - २०१८ कोषलाई सम्झनुपर्छ ।

प) "तोकिएको वा तोकिएबमोजिम" भन्नाले विधान तथा नियमावली अर्न्तगत बनेका नियममा तोकिएको वा तोकिए बमोजिम भन्ने सम्झनुपर्छ ।

## परिच्छेद- ३

### कोषको स्थापना उद्देश्य र सञ्चालन

**४. श्रमिक कल्याणकारी कोषको उद्देश्यः-**

क) कतारमा कार्यरत नेपालीहरुको आपतकालिन अवस्थामा उद्धार, उपचार र सहयोग पुर्‍याउने ।

ख. कुनै विषम परिस्थितीमा नेपालीहरुको सामुहिक उद्धार र वाँच्नको लागि रासन पानी उपलब्ध गराउनु पर्ने प्रकोप वा परिस्थिती आई परेमा कोषको स्थिती हेरी मानविय सहायता उपलब्ध गराउने ।

ग) श्रमिकका समस्याहरुलाई सहयोग र समाधान गर्न ।

घ) एनआरएनए, एनसीसी कतारका पञ्जिकृत सदस्यको मृत्यु भएमा सहयोग गर्ने ।

ङ) हाल सम्म घटेका दुर्घटनाहरुको अध्ययन गरी भविष्यमा त्यस्ता घटना दुर्घटनाबाट वच्ने उपायको वारेमा सचेतना जगाउन कतार देखी नेपालसम्म चेतनामुलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

**५. श्रोत :-**

यस श्रमिक कल्याणकारी कोषको मुख्य श्रोत निम्न अनुसार हुनेछ ।

क) राष्ट्रिय समन्वय परिषद कतारका सदस्यहरुबाट प्राप्त हुने सहयोग रकम ।

ख) कुनै ईच्छुक दाता व्यक्ति संघ संस्था वा राज्यबाट प्राप्त चन्दा, उपहार, दान आदि ।

ग) राष्ट्रिय समन्वय परिषद कतारले तोके अनुसार सदस्यको मासिक शुल्क मध्येबाट प्राप्त रकम ।

घ) आई. सी. सी., वा राष्ट्रिय समन्वय परिषदले विविध कार्यक्रम संचालन गरी प्रदान गरेको रकम ।

ङ) यस कोष प्रयोजनमा संचालन गरिने च्यारिटी कार्यक्रम वा विविध श्रोतहरुबाट प्राप्त रकम ।

च) विविध ।

**६. कोषको सञ्चालन :-**

क) श्रमिक कल्याणकारी कोष सञ्चालन र ब्यवस्थापनको लागि राष्ट्रिय समन्वय परिषदले एक संयोजक सहित बढीमा ५ सदस्यीय कोष सञ्चालक समितिको गठन गर्नेछ । सञ्चालक समिति देहाय बमोजिम हुनेछ ।

१) राष्ट्रिय समन्वय परिषदको सुरक्षित आप्रवासन तथा श्रमिक कल्याण समितिको संयोजक ......... संयोजक

२) कार्यसमितिको कोषाध्यक्ष वा निजले तोकेको सहकोषाध्यक्ष................ सदस्य

३) अध्यक्षले तोकिएको राष्ट्रिय समन्वय परिषदको कार्यसमिति सदस्य १ जना ......... सदस्य

४) राष्ट्रिय समन्वय परिषदका पञ्जिकृत सदस्यहरु मध्येबाट कार्यसमितिबाट मनोनित १ जना .. सदस्य

५) महासचिवले तोकिएको एनसीसीका सचिव १ जना ............. सदस्य सचिव

## परिच्छेद- ४

## कोषको सञ्चालक समितिको पदावधि, काम कर्तब्य र अधिकार

**७. सञ्चालक समितिको पदावधि**

क) श्रमिक कल्याणकारी कोष सञ्चालक समितिको पदावधी राष्ट्रिय समन्वय परिषदका कार्यकारी समितिको पदावधि सरह २ वर्षको हुनेछ ।

**८. सञ्चालक समितिको काम कर्तब्य र अधिकार**

संचालकहरुको काम कर्तब्य र अधिकार यस नियमावलीमा उल्लेख गरिए निम्न अनुसार हुनेछ ।

क) राष्ट्रिय समन्वय परिषद कतारको उद्देश्यहरु पुरा गर्न उल्लेखनिय भूमिका निर्वाह गर्ने ।
ख) कार्यसमितिले आयोजना गरेका विविध गतिविधिहरु सफल पार्न क्रियाशिल रहने ।
ग) कार्यसमितिले दिइएका निर्देशनहरुको पालना र कार्यान्वयनका लागि क्रियाशिल रहने ।
घ) राष्ट्रिय समन्वय परिषदले सम्पन्न गर्न सकिने विविध कार्यक्रमहरु, तयार गरि वैठकमा संयोजकले छलफलका लागि पेश गर्ने ।
ङ) कार्यसमितिलाई कार्य सम्पादनको प्रतिवेदहरु उपलब्ध गराउने र बैठकमा भाग लिने ।
च) कार्यसमितिको बैठकबाट पारित निर्णयहरु कार्यान्वियन गर्ने ।
छ) नियमावलीमा उल्लेख गरिएका उद्देश्यहरु पुरा गर्न प्राथमिकता हेरी कार्य सम्पादन गर्ने ।
ज) सञ्चालक समितिले आफूले सम्पादन गरेका आर्थिक कारोबारहरुको लेखा परिक्षण गराई कार्यसमितिको प्रत्येक निर्धारित वैठकहरुमा कोषको अद्यावधीक खर्च र कार्य प्रगति प्रस्तुत र अनुमोदन गराउनु पर्नेछ ।
झ) सञ्चालक समितिका संयोजकले आफू मातहतका समितिको बैठक अध्यक्ष गर्नेछ र सदस्यहरुलाई कार्य विभाजन सहित सम्पादनमा निर्देशन दिन सक्नेछ ।
ञ) संयोजकको अनुपस्थितीमा निजले गरि आएको कार्यभार निजले तोकेको सञ्चालकले गर्नेछ ।
ट) कुनै सञ्चालकको पद पदावधी अगाडी नै कारणवस रिक्त हुन आएमा राष्ट्रिय समन्वय परिषदका कार्यसमितिको वैठकले पदपुर्ति गर्नेछ ।
ठ) कार्यसमितिको कोषाध्यक्ष वा निजले तोकेको सहकोषाध्यक्षले कोषको लेखा राख्नेछ ।
ड) सदस्य सचिवले कार्यसमितिको पूर्ण बैठक बस्नु अगावै प्रतिवेदन तयार पारी कार्यसमितिलाई उपलब्ध गराउनु पर्नेछ ।
ढ) श्रमिक कल्याणकारी कोष सञ्चालक समिति पूर्ण रुपमा कार्यसमिति प्रति उत्तरदायी हुनेछ ।
ण) राष्ट्रिय समन्वय परिषदका कार्यसमितिले तोकिएका अन्य कामहरु गर्ने ।

त) अध्यक्षले दिएका निर्देशनहरुको पालना गर्ने ।

थ) कार्यसमितिका पदाधिकारीहरु आमन्त्रित सदस्यको रुपमा बैठकमा भाग लिन पाउनेछन् ।

## परिच्छेद- ५
## कोषको प्राथमिकता र नियन्त्रण

**९. कोषको प्राथमिकता :-**

क) कतारमा कार्यरत नेपालीहरु दुर्घटनामा परी प्राथमिक उपचार, उद्धार आदिमा कोही कसैवाट सहयोग उपलब्ध हुन नसक्ने अवस्था रहेमा प्राथमिक उपचार सहयोग र उद्धार गर्ने ।

ख) कुनै कारणवस असक्त, अपाङ्ग, असहाय वा विरामी परी काम गर्न नसक्ने भएर विस्वर्चि भएका श्रमिक नेपालीहरुको वैकल्पीक उपाय नदेखिएमा नेपाल सम्म पुग्न लाग्ने हवाई खर्च उपलब्ध गराउने ।

ग) कुनै कारणवस अन्यायमा परी मुद्धा मामिला भेल्न वाध्य भएका श्रमिक नेपालीहरुलाई वाँच्न चाहिने आधारभूत सहयोग आवश्यक भएको देखिएमा सहयोग उपलब्ध गराउने ।

घ) कुनै विषम परिस्थितीमा नेपालीहरुको सामुहिक उद्धार र वाँच्नको लागि रासन पानी उपलब्ध गराउनु पर्ने प्रकोप वा परिस्थिती आई परेमा कोषको स्थिती हेरी मानविय सहायता उपलब्ध गराउने ।

ङ) कतारमा आई विविध कारणले काम गर्न असमर्थ भएका अशक्त, विरामी, शारीरिक मानसीक रोगको उपचार र उद्धारमा कुनै श्रोत उपलब्ध हुने अवस्था नदेखिएमा प्राथमिक उपचार र बांकि उद्धार कार्यका लागि अलपत्र पार्ने जिम्मेवार व्यक्ति या संस्थाको खोजी पहिचान गरी उद्धारका लागि आवश्यक सहयोग जुटाउन सहयोग पुऱ्याउने ।

च) विषेश परिस्थितिमा नेपाली राजदूतावास कतारवाट राहत सहयोगको अनुरोध भई आएमा कार्यसमितिको निर्णय अनुसार उपयुक्त सहयोग उपलब्ध गराउने ।

छ) कोष संचालक समिति तथा राष्ट्रिय समन्वय परिषदले आवश्यक ठानेका अति आवश्यक उद्धार तथा उपचारमा सहयोग पुऱ्याउने ।

ज) कतारमा देखिएका समस्या पुन नदोहऱ्याउन जनचेतना जगाउन, कतार तथा नेपालमा जन चेतना अभियान संचालन गर्ने ।

झ) यस कार्यमा कोषको रकम खर्च गर्नु भन्दा वढी प्रायोजकहरु जुटाउन प्रयास गर्ने ।

**१०. कोषको नियन्त्रण :-**

क) राष्ट्रिय समन्वय परिषद कतारका अध्यक्ष र सञ्चालक समितिका संयोजक गरी २ जनाको संयुक्त हस्ताक्षरमा बैंक खाता सञ्चालन गरी रकम बैंकवाट निकासा गर्ने गरी कुनै प्रचलित बैंकमा खाता खोल्नु पर्नेछ ।

ख) दफा १० (क) अनुसार कार्यन्वयन हुन नसक्ने अवस्थामा राष्ट्रिय समन्वय परिषदको कार्यसमितिको निर्णय बमोजिम हुनेछ ।

ग) सामान्यतया राहत उपलब्ध गराउने निर्णय संचालक समितिको सर्व सहमतिले गर्नुपर्ने छ। आपतकालीन अवस्थामा भने संयोजकले संचालकहरुको मौखिक सहमतिमा पनि निर्णय लिई कार्यन्वयन गर्न सक्नेछ तर कार्यन्वयन पश्चात लिखित निर्णय भने गर्नुपर्नेछ ।

घ) खाता सञ्चालन भएपछि कोष संचालक समितिको निर्णय वा सिफारिस अनुसार मात्र खाता संचालकहरुले चेक काट्नु पर्नेछ। भैपरी आउने आपतकालीन उद्धारको लागि कतारी रियाल २,०००/- (दुई हजार) सम्म भैपरी नगद संयोजकले पेश्की स्वरुप राख्न सक्ने छन् ।

ङ) कोष सञ्चालक समितिले राहत उपलब्ध गराउदा एकै पटक कतारी रियाल १,०००/- वा सो भन्दा माथिको राहत सहयोग राष्ट्रिय समन्वय परिषदको कार्यसमिति वा सचिवालयबाट स्विकृति लिई सहयोग प्रदान गर्नु पर्नेछ।

च) राहत उपलब्ध गराउदा कोषको मौज्दातको ३० प्रतिशत भन्दा कम मौज्दात गराउन पाईने छैन ।

छ) वहालवाला पञ्जिकृत सदस्यको दैवी प्रकोप (बाढी, पहिरो, आगजनी, भुकम्प) का कारण घरबार विहिन हुनपुगेमा यस कोषको अवस्था हेरी कोषबाट राहत स्वरुप बढीमा ने.रु. १०,००० (दश हजार) सम्मको रकम निर्णय गराई उपलब्ध गराउन सकिनेछ ।

ज) गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद कतारका वहालवाला पञ्जिकृत सदस्यको कुनै कारणबस मृत्यु भएमा मृतकको परिस्थीति तथा कोषको अवस्था हेरी निजका परिवार लाई राहत स्वरुप बढीमा ने.रु. १५,०००/- ( पन्ध्र हजार) सम्मको रकम निर्णय गराई सहयोग प्रदान गर्न सकिनेछ ।

झ) माथि दफा १० (छ) र (ज) मा उल्लेख भएका सुविधा लिने पञ्जिकृत सदस्यको सदस्यता कमसेकम ३० दिन पहिले देखि बहाल रही म्याद नगुज्रिएको हुनुपर्नेछ ।

ञ) कोषको संरक्षण गर्ने मुख्य उत्तरदायित्व संयोजकको र संरक्षण गर्ने कर्तव्य गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद अध्यक्षको हुनेछ ।

## परिच्छेद- ६
## लेखा परीक्षण सम्बन्धी व्यवस्था

### ११. लेखा परीक्षण

ख) राष्ट्रिय समन्वय परिषदको बार्षिक भेला अगावै कोषको आर्थिक क्रियाकलापलाई विधानको परिच्छेद ८ को दफा ३२.६ अनुसार राष्ट्रिय महाधिवेशनबाट निर्वाचित लेखापरिक्षण समितिबाट लेखा परिक्षण गराई यसको विल भौचरहरु र आर्थिक तथा प्रगति प्रतिवेदनहरु कार्यसमितिलाई हस्तान्तरण गर्नु पर्नेछ ।

ख) कार्यसमितिले प्राप्त लेखा परिक्षण प्रतिवेदनहरु वैठकमा अनुमोदनका लागि प्रस्तुत गर्नेछ । देखिएका कैफियतहरुमा वा काम कारवाहीमा कुनै सुधार गर्न आवश्यक देखिएमा कार्यसमितिले आवश्यक निर्देशन दिन सक्नेछ । सो बमोजिम दिइएको निर्देशनको पालना गर्नु सञ्चालक समितको कर्तव्य हुनेछ ।

## परिच्छेद- ७
## अनुशासन तथा कारवाही सम्बन्धि व्यवस्था

### १२. अनुशासन सम्बन्धि व्यवस्था :-

क) राष्ट्रिय समन्वय परिषदले विधानको परिच्छेद ८ को दफा ३३ मा भएको व्यवस्था बमोजिम नियमहरु सदैव पालना गर्नु पर्नेछ ।

ख) संचालक समितिले यस कोषको उद्देश्य तथा राष्ट्रिय समन्वय परिषदको निर्देशनलाई सदैव पालना गर्नु पर्नेछ।

ग) कोष सञ्चालक समितिले आग्रह, पूर्वाग्रह, नातावाद, कृपावाद विचार र अन्य कुनै पनि स्वार्थबाट माथि रहि निःस्वार्थ मानविय सहयोगलाई मुल उद्देश्य मानी आर्थिक कार्यहरु गर्नु पर्नेछ ।

घ) कोष सञ्चालक समितिका संयोजक तथा सदस्यहरुले यस नियमावली र कार्यसमितिका वैठकहरुले नियमानुसार वहुमतबाट पारित निर्णयहरुलाई पूर्ण रुपमा पालना गर्नु पर्नेछ ।

**१३. कारवाही सम्बन्धि व्यवस्था :-**

क) यस कोषको संचालन गर्दा संचालक समितिले अपचलन गरेको देखिएमा कार्य समितिको वहुमतको निर्णयले काम कारबाहीहरु खाता रोक्का गरी आवश्यक कार्वाही गर्न सक्नेछ ।

ख) राष्ट्रिय समन्वय परिषदले विधानको परिच्छेद ८ को दफा ३३ मा उल्लेख भएको नियमहरु उलङघन भएको पाईमा वा आर्थिक अनियमितता भएको पाईएमा विधानको दफा ३४ मा भएको व्यवस्था बमोजिमका कारबाही प्रक्रियाहरु अघि बढाईनेछ ।

## परिच्छेद- ८
## विविध

**१४. नियमावलीको ब्याख्या**

यो नियमावलीको ब्याख्या गर्ने अधिकार राष्ट्रिय समन्वय परिषद कतारको कार्यसमितिलाई हुनेछ ।

**१५. सर्वाधिकार :-**

क) यस कोषको सर्वाधिकार राष्ट्रिय समन्वय परिषद कतारमा रहनेछ । कार्यसमितिले यसको औचित्य नदेखिएमा कारण खुलाई विघटन गर्न सक्नेछ । तर कार्यसमितिको पारित निर्णयलाई राष्ट्रिय समन्वय परिषदको वार्षिक भेलाबाट अनुमोदन गराउनु पर्नेछ । विघटन पश्चात कोषको रकम राष्ट्रिय समन्वय परिषद कतारमा जम्मा हुनेछ ।

**१६. बाधा अड्काउ फुकाउने**

यी नियमहरू बमोजिम काम कारबाही गर्दा-गराउँदा कुनै किसिमको बाधा अड्काउ पर्न गएमा त्यस्तो बाधा अड्काउ हटाउने वा फुकाउने अधिकार राष्ट्रिय समन्वय परिषद कतारलाई हुनेछ ।

१७. यस नियमावली-२०१८ मा लेखिए जति सोही नियम बमोजिम र सो मा नलेखिएका अन्य व्यवस्थाहरूको हकमा राष्ट्रिय समन्वय परिषद कतारको विधान र कार्यसमितिको निर्णय बमोजिम हुनेछ ।

**१८. नियमावली जारी :-**

यो नियमावली राष्ट्रिय समन्वय परीषद कतारको १९ जनवरी २०१८ मा बसेको काय समितिको तेश्रो पूर्ण बैठक वाट पारित भई पारित भएकै मितिवाट लागू हुनेछ ।

**......समाप्त ......**